आज मिति २०८०।०७।१६ गते रिङ्कोट गाउँ कार्यपालिका-को बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्की को अध्यक्षता र तपशिलको उपस्थितीमा बसी देहाय अनुसार निर्णय गरियो।

उपस्थिती :-

१. गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्की
२. " उपाध्यक्ष श्री कान्ता अधिकारी
३. " प्रवक्ता श्री प्रकाश रायमाझी
४. वडा अध्यक्ष, वडा नं. १. श्री चिरञ्जीवी पोखरेल
५. " " " २. श्री ओम प्रसाद पोखरेल
६. " " " ३. श्री नारायण बहादुर के.सी.
७. " " " ४. श्री सोम बहादुर कार्की
८. " " " ५. श्री मन बहादुर अस्लामी
९. " " " ६. श्री दान बहादुर कवर
१०. " " " ८. श्री चुरा बहादुर इहदी मगर
११. कार्यपालिका सदस्य श्री मिना राना
१२. " " श्री रञ्जना आचार्य रसाइला
१३. " " श्री जुनमा थापा
१४. " " श्री ~~श्री~~ शर्मिला नेपाली
१५. " " श्री गीता कोइराला
१६. " " श्री टवनिला बरथाली
१७. सदस्य सचिव श्री मदन अर्याल
१८ आमन्त्रित श्री मञ्जु पन्थी, लेखा अधिकृत
१९ " श्री ध्रुवलाल मरहट्टे, प्रशासन प्रमुख

प्रस्तावहरु:

१. भिलेज प्रोफाइल खर्च सम्बन्धमा ।

२. वित्तीय प्रगति र खर्च सम्बन्धमा ।

३. पाइपको आवश्यकता सम्बन्धमा ।

४. हार्थोक- बतासे मोटर बाटोको सम्बन्धमा ।

५. कन्टिपोखरा – देउराली सडक योजना सम्बन्धमा ।

६. विविध ।

निर्णयहरु:

१. रिब्दीकोट गाउँपालिकाको भिलेज प्रोफाइल तयार गर्न गाउँपालिकाका कर्मचारीहरु परिचालन गर्ने तथा सो कार्यको लागि आवश्यक फारम छपाई, डाटा संकलन भिलेज प्रोफाइलका पुस्तक छपाई लगायतका सबै कामको लागि रु. ८ लाख मात्र खर्च गर्ने निर्णय गरियो ।

२. कार्यालयबाट पेश हुन आएको चालु आ.व. ०७९/८० मा हाल सम्म भएको आम्दानी र खर्च विवरण उपर छलफल गरियो । पुजीगत खर्च तर्फ ३३.५६ प्रतिसत र चालु खर्च तर्फ ५७.९७ प्रतिसत गरी जम्मा ४९.१६ प्रतिसत खर्च भएको तथा जम्मा अन्तरिक आय रु.४९०७०१९/३० संकलन भएको जानकारी प्राप्त भयो ।

३. प्राविधिक इस्टिमेट र उपभोक्ता समितिको सिफारिसको आधारमा माग संकलन गरी आधा इन्च, एक इन्च र डेढ इन्चका पाइपहरु खरिद गरी आवश्यक खानेपानी योजनालाई उपलब्ध गराउने निर्णय गरियो ।

४. कार्यालयको मिति २०८०/०१/०३ को टिप्पणी अनुसार गत आ.व.०७८/७९ को ठेक्का Upgrading of Harthok Batase Road (RRM/W/NCB - 03/078/79) रिदम कन्स्ट्रक्सन, धनगडी- २ कैलाली संग रु.५२,७५,५११.११ मा सम्झौता भएकोमा गत आ.व.मा कार्य सम्पन्न नभई गाउँ कार्यपालिकाको निर्णय अनुसार २०७९ भाद्र मसान्त सम्म म्याद थप भएतापनि निज निर्माण व्यवसायीले निर्धारित समयमा कार्य सम्पन्न नगरेको र म्याद थपको लागि निवेदन समेत नदिएको तथा कार्यालयको निरन्तर पहल पछि ९०% कार्य सम्पन्न गरेको कार्यालयको प्राविधिक शाखाबाट प्रतिवेदन प्राप्त भएकोले सार्वजनिक खरिद नियमावली,२०६४ को दफा१२१ बमोजिम सम्झौता रकमको १० % ले हुन आउने रकम रु. ५,२७,५५१/- क्षतिपूर्ति लिई ठेक्का सम्झौता गर्दा पेस गरेको Performance Bond को म्याद समेत १३ महिना सम्म थप गरी भुक्तानी दिने निर्णय गरियो ।

५. कन्टिपोखरा – देउराली सडक योजनाका ठेकेदारलाई पटक पटक ताकेता गर्दा समेत ठेक्काको निर्माण कार्य नगरेकोले निजलाई पुन: पत्राचार गरी थप कार्यबाही अगाडि बढाउने निर्णय गरियो ।

६ (क) ७ नं वडा कार्यालयबाट सिफारिस भई आए बमोजिम बर्षाको कारण पहिरो गई शौचालय भत्की पूर्ण रुपमा क्षति भएका तपसिलका व्यक्तिहरुलाई शौचालय निर्माण गर्न निम्न बमोजिमको रकम आर्थिक सहयोग स्वरूप उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :-

| क्र.सं. | नाम, थर | ठेगाना | रकम रु. |
|---|---|---|---|
| १. | लक्ष्मी कामी | रिब्दीकोट -७ | १०००० |
| २. | कमला कामी | रिब्दीकोट -७ | १०००० |

(ख) हटिया – भार्कोट – डुम्रे मोटर बाटोको अनुगमन गर्ने तथा निर्माण कार्य द्रुत रुपमा अगाडी बढाउन ठेकेदारलाई निर्देशन दिने निर्णय गरियो।

(ग) देउराली ख्याहा जोखिथुम सातमुरे मोटर बाटो ठेक्का लगाउँदा बचत भएको रकम नियमानुसार सोहि बाटो निर्माणमा खर्च गर्ने निर्णय गरियो।

(घ) रिब्दीकोट उद्योग विकास प्राधिकरणको स्थापना गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

(ङ) विपद व्यवस्थापनको लागि आवश्यक सामग्रीको व्यवस्था तथा तालिम संचालन गर्ने निर्णय गरियो।

(च) आगामी गाउँसभाबाट अनुमोदन गराउने गरी ६ नं. वडा कार्यालयबाट अनुरोध भई आए बमोजिम एकल महिला बंगुर वितरण कार्यक्रमलाई संसोधन गरी एकल महिला बंगुर तथा बाख्रा वितरण कार्यक्रम कायम गर्ने तथा ५ नं.वडा कार्यालयबाट अनुरोध भई आए बमोजिम वडा नं.५ अन्तर्गत टोल नं. १ मोटर बाटो देखि जितेन्द्र ढकाल प्रेम बहादुर थापा चनौटा गो.बा. स्तरोन्नति योजनालाई संशोधन गरी टोल नं. १ मोटर बाटो देखि जितेन्द्र ढकाल प्रेम बहादुर थापा चनौटा मोटर बाटो निर्माण शिर्षक कायम गर्ने निर्णय गरियो।

(छ) श्री सितलपोखरी मग्रानधारा लिफ्ट खानेपानी योजनाले तिर्न बाँकी रहेको विद्युत महसुल बकौता रकम रु ७०,०००/- भुक्तानीको लागि गाउँपालिकामा माग गारेको र एउटा धारा गाउँपालिकालाई समेत उपलब्ध गराएकोले उक्त योजनाको जम्मा रु.२५००० (पच्चिस हजार) मात्र विद्युत महसुल भुक्तानी गर्ने निर्णय गरियो।

(ज) गाउँपालिकाको पहिचान झल्कने गरी लोगो डिजाइन सम्बन्धी १५ दिने प्रस्ताव आवह्वान गर्ने निर्णय गरियो।

(झ) रिब्दीकोट गाउँपालिकाको विपद अनुगमन समितिको मिति २०७९/१२/०५ निर्णय अनुसार प्राकृतिक प्रकोपको कारण पिडित घर परिवारलाई आर्थिक सहयोग उपलब्ध गराउने सिफारिस बमोजिम विपद पिडितलाई भुक्तानी गरेको रकम अनुमोदन गरियो।

(ट) पाल्पाली संगम काठमाडौंद्वारा काठमाडौंमा आयोजित पाल्पा महत्सव र पाल्पा उद्योग वाणिज्य संघद्वारा तानसेन मा आयोजित पाल्पा महत्सवको लागि रु. २५०००/- का दरले आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

(ठ) आर्थिक सहयोगका लागि विभिन्न व्यक्ति तथा संघ सस्थाबाट गाउँपालिकामा प्राप्त निवेदन उपर आवश्यकता र औचित्यताको आधारमा गाउँपालिका अध्यक्षले निर्णय गरी रु. ७५००/- सम्म भुक्तानी दिन सक्ने निर्णय गरियो।

CamScanner